# गौरीशंकर गाउँपालिका
## Gaurishankar Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
### Office of the Rural Municipal Executive

सुरी, दोलखा ।, Suri, Dolakha.
बागमती प्रदेश, नेपाल, Bagmati Province, Nepal

गौरीशंकर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सुरी, दोलखा बागमती प्रदेश, नेपाल २०७३

## औषधी उपचार खर्चको लागि नामावली नवीकरण सम्बन्धी सूचना
**(प्रकाशित मिति : २०८०/०४/१७)**

मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका विरामीहरुलाई औषधी उपचार खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ को दफा ६ अनुसार प्रत्येक आर्थिक वर्षको सुरुमा लाभग्राहीहरुले सम्बन्धित वडा कार्यालयमा नवीकरण गर्नुपर्ने व्यवस्था रहेकाले आ.ब. २०७९/८० मा उक्त कार्यविधि अनुसार  यस गाउँपालिकाबाट औषधी उपचार खर्च लिएका लाभग्राहीहरुले आ.व. २०८०/८१ मा औषधी उपचार खर्च प्राप्त गर्न तपसिल बमोजिमको कागजात सहित वडा कार्यालयमा सम्पर्क गरी २०८० साउन मसान्तभित्र नामावली नवीकरण गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । नामावली नवीकरण नभएका लाभग्राहीहरुको औषधी उपचार खर्च निकासा नहुने बेहोरा समेत जानकारी गराइन्छ ।

**आवश्यक कागजातहरु :**

- नवीकरणको लागि सम्बन्धित विरामीको निवेदन
- नागरिकता प्रमाणपत्रको प्रतिलिपि (बालबालिकाको हकमा जन्मदर्ता)
- पछिल्लो पटक जाँच गरेको (Follow up) खुल्ने अस्पतालको कागजात

..........................

**(पवन कुमार प्याकुरेल)**
**प्रमुख प्रशासकीय अधिकृत**
पवन कुमार प्याकुरेल
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ तथा कार्यार्थ**

श्री वडा कार्यालय (सबै), साउन मसान्तभित्र नवीकरण गरी नवीकरणको सूची र कागजात गाउँपालिकामा पठाउनुहुन ।